# माडी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.स. : २०८२/०८३
च.न. :- ४२०

मिति : २०८२/७/१४

श्री सरोकारवालाहरु सवै,
माडी गाउँपालिका, रोल्पा ।

**विषय** : वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताको लागि निवेदन दिने सम्बन्धमा ।

उपरोक्त विषयमा वैदेशिक रोजगार वोर्डको मिति २०८२/०७/०३ को प्रकाशित सूचना अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई तोकिएको अवधि भित्र मृत्यू, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई छात्रवृत्तिको लागि आफू अध्ययनरत रहेकै संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति संचालन कार्यविधि, २०८० को अनुसूची (१) बमोजिमको ढाँचामा २०८२ साल कार्तिक मसान्त भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सवै सरोकारवालाहरुलाई जानकारीको व्यहोरा बमोजिम सम्बन्धित सवै विद्यालयहरुलाई सो सम्बन्धी सूचना तथा आवश्यक फारमको ढाँचाहरु पठाइएकोले सरोकारवालाहरु उक्त अध्ययनरत विद्यालयहरुमा सम्पर्क गरी देहाय बमोजिमको कागजात साथ तोकिएको समय भित्र निवेदन दिन हुन अनुरोध गरिन्छ । साथै सूचना तथा निवेदनको ढाँचाहरु यस कार्यालयको वइवसाइटबाट पनि प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

देहाय :

**१. पहिले देखिनै छात्रवृत्ति पाइरहेको हकमा,**

क) अनूसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख) कामदारको राहदानीको प्रतिलिपि,

ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,

घ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता ( चेक प्रतिलिपि) ।

**२. आ.व २०८२/०८३ मा पहिलो पटक छात्रवृत्ति पाउने हकमा,**

क) अनूसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख) कामदारको राहदानीको प्रतिलिपि,

ग) अध्ययन गरीरहेको कक्षा खुल्ने विद्यालयको सिफारिस,



२०८२/०७/१४
प्रमुख प्रशासकीय अधिकृत

# माडी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
**घर्तिगाउँ, रोल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. : २०८२/०८३
च.न. :- 420

घ) जन्मदर्ताको प्रतिलिपि,

ङ) अभिभावकको नागरिकताको प्रतिलिपि,

च) कामदार, अभिभावक र विद्यार्थीको नाता खुल्ने नाता प्रमाण पत्रको प्रतिलिपि,

छ) आफ्नो वा अभिभावकको चालु अवस्थामा रहेको बैंक खाता ( चेक प्रतिलिपि) ।

2082/06/19

जय प्रकाश बुढा
नि.प्रमुख प्रशासकीय अधिकृत

Website: www.madimunrolpa.gov.np Email: madimunrolpa@gmail.com Phone : 086416013

"कृषि, पशुपंक्षी , जडिबुटि र दिगो पूर्वाधार, समृद्ध माडीको आधार "

**अनुसूची — १**

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

**(छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा)**

मिति : .................

श्री प्रधानाध्यापकज्यू

..........................

**विषयः वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस उपलब्ध गराइ पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुवा/आमा) नाताको ..........................................वैदेशिक रोजगारीका सिलसिलामा मिति ............................ मा ......................... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त विरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुः-

**<u>संलग्न कागजातहरू</u>**

क) कामदारको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्वर खुल्ने कागजात,

ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

**निवेदक**

नाम, थर :

ठेगाना :

मोवाईल नं. :

कक्षा :

रोल नं. :

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

**विद्यालयको सिफारिसको ढांचा**

मिति : ................

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
..................पालिका ,............।

**विषय : सिफारिस सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग बिरामी भइ बोर्डको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा | जन्म मिति | श्रमिकको राहदानी नं. | वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य | वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता | मृत्यु वा अशक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्वर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव